यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ९ ○अंक २९ ○श्रेणी 'क' ○२०७३ कार्तिक ८ गते सोमबार ○ 24 Oct. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित
आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

अपराध नियन्त्रण गर्न प्रहरीलाई प्रशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ कार्तिक ।

नेपाल प्रहरीले देशब्यापी रुपमा अपराध अनुसन्धान तथा नियन्त्रण सम्बन्धी प्रशिक्षण सञ्चालन गरेको छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वावधानमा आईतवारदेखि देशका ३४ जिल्लामा एकसाथ अपराध अनुसन्धान तथा नियन्त्रण सम्बन्धी प्रशिक्षण सुरु गरिएको हो । घुम्ती प्रशिक्षण योजना अनुसार प्रहरी हवल्दार तथा जवानलाई लक्षित गरी सञ्चालन गरिएको तालिममा प्रत्येक जिल्लामा ३५ जना सहभागी छन् । गण्डकी अञ्चलको कास्की सहित, स्याङ्जा, तनहुँ र मनाङमा आईतवारदेखि प्रशिक्षण सुरु भएको अञ्चल प्रहरी कार्यालय गण्डकीले जनाएको छ ।

बाँकी जिल्लामा दोस्रो तहमा प्रशिक्षण सञ्चालन हुने बताइएको छ । अपराध अनुसन्धानमा संलग्न प्रहरी जनशक्ति वृद्धि गर्नुको साथै तल्लो तहमा रहेका प्रहरीको क्षमता अभिबृद्धिका लागि तालिम फलदायी हुने विश्वास लिइएको छ ।

कास्कीमा आयोजित प्रशिक्षण उद्घाटनको अबसरमा गण्डकी अञ्चल प्रहरी प्रमुख प्रहरी वरष्ठ उपरीक्षक महेन्द्र बहादुर पोखरेलले यसअघि केन्द्रीय तहमा मात्रै सञ्चालन हुदै आएको तालिम स्थानिय स्तरमा सञ्चालन सुरु गरिएको बताए । प्रहरी जवान र हवल्दार संगठनको मेरुदण्ड भएको उल्लेख गर्दै उनले तल्लो तहलाई सक्षम बनाउने योजना सहित स्थानिय स्तरमा तालिम सञ्चालन गर्नुपरेको स्पष्ट पारे । यसअघिको ३१ दिने तालिमलाई संक्षेपीकरण गरी ६ दिनमा झारिएको पोखरेलले बताए ।

कास्कीका प्रमुख जिल्ला न्यायधिबक्ता गंगा प्रसाद पौडेलले प्रहरीको अपराध अनुसन्धान कमजोर भए अपराध प्रमाणीकरण गर्ने निकायमा असर पर्ने बताए । अपराध अनुसन्धानको काम प्रभावकारी बनाउन र अनुसन्धानको सूचना चुहावट हुन नदिन अनुसन्धान अधिकृतहरु सजक हुनुपर्नेमा उनले जोड दिए । कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक घनश्याम अर्यालले प्रहरीको अपराध अनुसन्धानमा थुप्रै त्रुटीहरु रहेकाले अदालत सम्म पुगेका कतिपय मुद्धाहरु असफल

बाँकी अन्तिम पृष्ठमा......

मर्दी हिमालमा पर्यटक वेपत्ता

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ कार्तिक ।

मर्दी हिमाल ट्रेकिङ गएका इजरायली नागरिक पाँच दिनदेखि वेपत्ता छन् । सेप्टेम्बर २८ मा नेपाल आएका ४५ बर्षीय अमित ज्याचम्यान एक्लै मर्दी हिमाल ट्रेक गएका थिए । उनी कात्तिक ३ देखि वेपत्ता भएको प्रहरीले जनाएको छ । उनी ४७ सय मिटरको उचाईमा रहेको मर्दी हिमाल बेस क्याम्प पुगेपछि बेपत्ता भएका थिए । उनको खोजीमा ५ जना नेपाल प्रहरी, एक्यापका एक जना, स्थानीय चार जना तीन दिनदेखि खटिएका छन् । स्थानीय प्रदिप गौतम, पूर्ण गुरुङ, राजकुमार तामाङ सहितको टोली खोजीमा जुटेको छ ।

खोजीको लागि इजरायली टोली दुई वटा हेलिकप्टर सो क्षेत्रमा पुगेको छ । एयर डाइनेष्टी र मनाङ एयरको हेलिकप्टर मार्फत आईतवार दिनभर उनको खोजी गरिएपनि फेला पार्न नसकिएको सो क्षेत्रमा पुगेका फोटो पत्रकार दुर्गा प्रसाद पौडेलले बताए । पोखराबाट स्विस ज्याफ्टिङ एण्ड ट्रेकिङका टोली र इजरायली टोली गरी आइतवार ८ जनाको अर्को टोली खोजीमा जुटेको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापका अनुसार अक्टोवर १५ मा उनी पोथना प्रवेश गरेका थिए । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक घनश्याम अर्यालले मानिस बेपत्ता भएको खबर आएलगत्तै कात्तिक ४ गतेदेखि जिल्ला प्रहरी कार्यालयबाट प्रहरी नायव निरिक्षकको कमाण्डमा पाँच जनाको टोली पठाइएको जानकारी दिए । स्थानीयवासीको सहयोगमा खोजी कार्य जारी रहेको उनले बताए ।

सिटी रेवान महोत्सव मंसिर २ गतेदेखि

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ कार्तिक ।

सिटी रेवान महोत्सबको पाचौं संस्करण मंसिर २ देखि १२ गते सम्म हुने भएको छ । आयोजक पोखरा नगर रेष्टुरेन्ट एण्ड वार एशोसिएशनले आइतवार पत्रकार सम्मेलन मार्फत दिएको जानकारी अनुसार पाँचौ संस्करणको महोत्सब मंसिर २ गतेदेखि सुरु हुने भएको हो । पोखरा रंगशालामा सञ्चालन हुने ११ दिने महोत्सबमा कुल १२५ स्टल रहने र झण्डै एक लाख दर्शक भित्रने अनुमान गरिएको छ । महोत्सबमा ब्यवसाय प्रयाजनको ९५, रेष्टुरेन्ट १० र अन्य सामाजिक संघ-संस्थाको २० स्टल रहने प्रचार-प्रसार संयोजक दिपक तिमिल्सिनाले जानकारी दिए । महोत्सबमा रहने रेष्टुरेन्टको स्टलमा एकै मुल्यसूची लागू गर्ने आयोजकले जनाएको छ । महोत्सवमा अन्तर समाज दोहोरी गीत प्रतियोगिता, ढिंडो खाने प्रतियोगिता, पप कन्सर्ट, लोकदोहोरी तथा हास्य कलाकारको प्रस्तुति, गृहणी महिला नृत्य प्रतियोगिता, रत्यौली प्रतियोगिता, वाल उद्यान तथा दैनिक उपभोग्य वस्तुको प्रदर्शनी लगायत रहने तिमिल्सिनाले बताए । महोत्सव प्रवेशका लागि ६५ रुपैयाँ शुल्क लाग्ने र विद्यार्थीलाई ४० रुपैयाँ लाग्ने बताइएको छ ।

पाँचौ संस्करणको महोत्सव सम्पन्न गर्न ३९ लाख ८५ हजार ५ सय खर्च लाग्ने र ४४ लाख ५५ हजार रुपैया आम्दानीको लक्ष्य राखिएको छ । महोत्सबबाट बचत भएको रकम मध्ये १० प्रतिशत पर्यटन प्रवर्द्धन र पाँच प्रतिशत अशाह्य वालवालिकाका लागि खर्च गरिने पोखरा सिटी रेवानका अध्यक्ष एवं मूल आयोजक समितिका संयोजक केपी शर्मा पाध्याले जानकारी दिए ।

महोत्सव सम्पन्न गर्न अध्यक्ष शर्माको संयोजकत्वमा मूल आयोजक समिति र विभिन्न १३ वटा उपसमिति गठन गरिएको छ । सिटी रवान पोखरामा हाल १०२ सदस्य रेष्टुरेन्ट आवद्ध छन् । पछिल्लो तीन बर्षमा ७० नयाँ सदस्य रेष्टुरन्ट थप भएको अध्यक्ष पाध्याले बताए ।

कर्मचारी चाहियो
पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो।
पद : वेटर संख्या : केही
पद : डिसवासर संख्या : १ जना
सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

कसैले कुनैपनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय, पेशाका आधारमा व्यवसाय गर्न, कुनै धार्मिक कार्य गर्न, वस्तु वा सेवा सुविधा उत्पादन, विक्री वितरण गर्न प्रतिवन्ध वा रोक लगाउन वा कुनै पेश गर्न बाध्य पार्नु हुँदैन ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

मोवाइल किन्दा छुट !
शुभ-दीपावली-२०७३ को मंगलमय शुभकामना
हंसपुर मोवाइल क्लिनिकमा एण्ड इलोक्ट्रोनिक सर्भिस सेन्टर चिप्लेढुंगा, पोखरामा
मोवाइल खरिदमा ५ देखि १०% सम्म र इलोक्ट्रोनिक सामान खरिदमा ५ देखि ३५% सम्म छुट !!!
सम्पर्क फोन : ०६१-५३५६७९



Kelvinator
THE COOLEST ONE
LET THE FESTIVITIES OF PROSPERITY
BEGIN WITH THE COOLEST ONE
AMERICAN TECHNOLOGY
AWARE
Celebrating more than 100 years
SHOWCASE
DOUBLE DOOR
SINGLE DOOR
KC-285 285 Ltrs. MRP: 49,280/-
KPP-241 230 Ltrs. MRP: 34,440/-
KPP-202 190 Ltrs. MRP: 31,320/-
KWP-225TR 215 Ltrs. MRP: 24,300/-
KWL-205ST 190 Ltrs. MRP: 25,210/-
KWP-205T 190 Ltrs. MRP: 23,140/-
KWP-204T 190 Ltrs. MRP: 22,480/-
KWE-203 190 Ltrs. MRP: 20,790/-
KWP-184 170 Ltrs. MRP: 21,120/-
KGE-183 170 Ltrs. MRP: 18,710/-
KWP-163 150 Ltrs. MRP: 18,590/-
KCP-09ESH 80 Ltrs. MRP: 14,160/-
KCP-06ESH 50 Ltrs. MRP: 11,960/-
CHEST FREEZER
KD510T 510 Ltrs. HARD TOP + SLIDE GLASS MRP: 58,150/- Best Buy 50,990/-
KD460T 460 Ltrs. HARD TOP DOUBLE DOOR MRP: 58,890/- Best Buy 51,690/-
KD300T 300 Ltrs. HARD TOP DUAL TEMPERATURE MRP: 40,930/- Best Buy 35,990/-
KD300TC 300 Ltrs. CURVE GLASS DOOR MRP: 50,160/- Best Buy 43,990/-
KD300FA 300 Ltrs. HARD TOP MRP: 40,540/- Best Buy 35,590/-
KD270T 270 Ltrs. HARD TOP MRP: 39,010/- Best Buy 34,290/-
KD230T 230 Ltrs. BUTTERFLY DOOR MRP: 37,690/- Best Buy 32,990/-
KD220T 220 Ltrs. GLASS TOP MRP: 39,430/- Best Buy 34,590/-
KD160T 160 Ltrs. HARD TOP MRP: 30,860/- Best Buy 26,990/-
KD110T 110 Ltrs. HARD TOP MRP: 25,640/- Best Buy 22,490/-
AIR CONDITIONER
1.0 TON
LSJ12CH94MDA MRP: 57,050/-
1.5 TON
LSJ18CH94MDA MRP: 68,220/-
WASHING MACHINE
WMKS7363TR 7.3 Kg MRP: 20,790/-
WMKS6714TB 6.7 Kg MRP: 20,270/-
FREE INSTALLATION
Free Installation on Air Conditioner
CG Dry Iron on the Purchase of Every Refrigerator and Washing Machine
Marketed by: CG EOL
Gautam Electric & Electronics, Pokhara: 061-533529; Puspa Ratna Traders: 061-541039; Star Vision, Pokhara: 061-530855; Pumori Electronics, Pokhara: 061-538285; BG Electronics, Pokhara: 061-532483
Jhalak Electronics Tatha Kitchen Corner, Pokhara: 061-560676; New Shree Electronics, Pokhara: 9846043971, Pokhara International, Pokhara: 061-539130
ISO9001:2008 CERTIFIED COMPANY
FOR DEALERSHIP INQUIRY 9851005672
GO GREEN

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ ।

- लर्ड नेपियर

सम्पादकीय ...

कांग्रेसले सही निर्णय गरोस्

नेपाली राजनीतिमा अझै पनि बेलाबखत 'अप्रत्याशित' र 'अव्याख्येय' घटना हुन्छन् । राजनीतिक शास्त्रका सिद्धान्त र सूत्रहरूका आधारमा तिनलाई व्याख्या गर्न वा तिनको अर्थ खोज्नै सकिँदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निलम्बित प्रमुख आयुक्त लोकमानसिंह कार्की बुधवार एकाएक नेपाल फर्के । त्यही दिन दिउँसो संसद्मा महाभियोग समिति गठन गरिएको थियो । प्रा.डा. गोविन्द केसीले दसैँ खल्लो नबनाउनैका लागि अनशन स्थगित गरेका थिए । डा. केसीका माग पूरा गर्न पनि महाभियोग समिति गठन गर्नु अत्यावश्यक भएको थियो । तर, अप्रत्याशितरूपमा लोकमानसिंह कार्कीविरुद्ध महाभियोग प्रस्ताव संसद्मा दर्ता गरियो । महाभियोग प्रस्ताव कति नाटकीयरूपमा दर्ता गरियो भने प्रधानमन्त्री पुष्पकमल दाहालको दल नेकपा (माओवादी केन्द्र) र विपक्षी नेकपा एमालेका सांसदहरूले प्रस्ताव दर्ता गरे तर सत्ता साझेदार नेपाली कांग्रेसलाई 'सुइँको'समेत दिइएन । महाभियोग प्रस्ताव दर्ता गरिएको दिन बुधवार घटना जति तीव्र र आकस्मिकरूपमा भए भोलिपल्ट बिहीवार घटनाक्रम उत्तिकै शिथिल रह्यो । हुनत, बिहीवार प्रमुख तीन दलको बैठक बस्यो तर एमालेबाहेक सत्तारुढ दलहरूले कुनै निर्णय गरेको सार्वजनिक भएको छैन । महाभियोग प्रस्तावमा सही गरेका कारण माओवादी केन्द्रले प्रस्तावको समर्थन गर्छ भन्ने अनुमान लगाउनु सकिन्छ । तर, केही दिन पहिलेसम्म पनि गगन थापा वा राधेश्याम अधिकारीले लोकमानसिंह कार्कीलाई महाभियोग लगाउन संसद्मा लिखित र मौखिकरूपमा समेत कुरा उठाउँदा अहिलेका प्रस्तावक समर्थक कसैले पनि मुख खोलेका थिएनन् । नेपाली कांग्रेसका नेता गगन थापाले अस्पतालको शयामा रहेका श्याम श्रेष्ठलाई समर्थकमा सही गराउनु परेको थियो । यसबीचमा सर्वोच्च अदालतले कार्कीको नियुक्तिमा योग्यता नपुगेको भन्ने मुद्दाको पुनरवलोकन गर्ने निर्णय गरेर कार्कीलाई अदालतमा उपस्थित गराउने निर्णय गरेपछि म्यादसम्म तामेल हुन निकै कठिन भएको थियो । सर्वोच्च अदालतको म्याद तामेल गर्नसमेत हुलहुज्जत गरेर रोक्ने र असहयोग गर्नेहरूविरुद्ध अहिले महाभियोग दर्ता गराउनेहरू एक शब्द बोलेका थिएनन् । यसैले होला महाभियोगको प्रस्ताव दर्ता गराउने कार्यलाई कसैले सर्वोच्च अदालतलाई अलमल्याउने चालका रूपमा हेरेका छन् भने कतिपयले अख्तियारले एमाले र माओवादी केन्द्रका नेतामाथि मुद्दा दायर गर्न लागेको थाहा पाएर त्यसलाई रोक्न अपनाइएको रणनीतिका रूपमा व्याख्या गरेका छन् । यसै हो भनेर ठोकुवा गर्न सकिने प्रमाण नहुँदासम्म महाभियोग प्रस्तावको अर्को उद्देश्य वा नियत छ भन्न मिल्दैन । यसैले कसैको पनि नियतमा सन्देह नगरौं । नियतमा सन्देह नगरे पनि देशको सबैभन्दा पुरानो र ठूलो पार्टी नेपाली कांग्रेसको यस प्रकरणमा देखिएको 'शून्य भूमिका' भने अलि स्वाभाविक देखिएन । महाभियोगका प्रस्तावकहरूले कांग्रेसलाई बेवास्ता गरेका हुन् भने पार्टीको चरम अवमूल्यन हो । सभापति शेरबहादुर देउवाले पार्टीको केन्द्रीय समितिको बैठकमा कांग्रेससँग सल्लाहै नगरी प्रस्ताव दर्ता गराइएकोमा असन्तुष्टि प्रकट गरेको समाचारले पनि यही संकेत गरेको छ । नेपाली कांग्रेसको समर्थनविना महाभियोग प्रस्ताव पारित हुन आवश्यक दुई तिहाइ मत पुग्दैन । तैपनि, कांग्रेसलाई हेपेर यसरी प्रस्ताव दर्ता गराउँदा दुवै कम्युनिस्ट पार्टीका नेताले लोकमान सिंह कार्कीलाई हटाउन हैन निलम्बनमा राखेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निष्क्रिय बनाउनमात्र त चाहेका हैनन् भन्ने सन्देह पक्कै पनि हुन्छ । यस्तै कांग्रेसका नेता तथा कार्यकर्ता पंक्तिले यस व्यवहारलाई अपमान ठान्नु पनि अस्वाभाविक होइन । त्यतिमात्र हैन माओवादी केन्द्रको यस व्यवहारले सत्ता साझेदारीको मर्ममै प्रहार गरेको छ र प्रचार गरिएअनुसार कांग्रेस प्रधानमन्त्री हुने बेलामा माओवादी केन्द्रले सहयोग नगर्ने वा सत्ता समीकरण बदल्ने लक्षण पनि यसले देखाएको छ । यस्तै नेताहरूको व्यक्तिगत सम्बन्धका आधारमा कार्कीप्रति कांग्रेसभित्र केही सहानुभूति पनि हुनसक्छ । तर, जेसुकै भए पनि क्षणिक लाभहानि वा प्रतिष्ठाको प्रश्न उठाएर प्रतिशोध र प्रतिक्रियाको राजनीति गर्न नेपाली कांग्रेसलाई सुहाउँदैन । यसैले अपमानको तीतो निलेर पनि कांग्रेसले ऐतिहासिक भूमिका पूरा गर्नुपर्छ । लोकतन्त्रमा जनताबाहेक अरू कुनै व्यक्ति वा संस्था सर्वोपरि हुनसक्तैन । कांग्रेसले लोकतन्त्रको यही मान्यता जोगाइराख्न पनि संसद्मा प्रस्तुत महाभियोगको प्रस्तावमा समर्थन गर्नुपर्ने देखिन्छ । महाभियोग प्रस्तावका पक्षमा कांग्रेस उपस्थित हुनेबित्तिकै प्रस्तावकको यथार्थ पनि प्रकट हुनेछ । यसैले कांग्रेसले महाभियोगका पक्षमा तत्काल निर्णय गरेर अन्योलको अन्त्य गर्नुपर्छ। महाभियोगको विरोध गरेर जनतालाई निराश बनाउने नै हो भने पनि अब कांग्रेसले 'कता लाग्छ' भन्ने प्रश्नको उत्तर तत्काल दिनुपर्छ ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल कार्तिक ८ गते सोमबार, तदनुसार अक्टुवर २४ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३६, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिककृष्णपक्षको नवमी तिथि अहोरात्र रहनेछ । आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ। आज दिनमान २८ घटि २२ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ०७ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २८ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

वृष : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

मिथुन : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

कर्कट : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

सिंह : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

कन्या : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

तुला : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

वृश्चिक : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

धनु : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

मकर : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

कुम्भ : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

मीन : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

नयाँ नेपालको पुरानो चश्मा

नारायण वाग्ले

पञ्चायत व्यवस्था फालेर बहुदल फर्काएको अवस्थालाई हामीले प्रजातन्त्र भन्यौं। श्री ५ को सरकार थियो र हामी प्रजा नै थियौं। शक्तिपीठ नारायणहिटीमै थियो र पिठ्यूँ हामीतिर फर्किएको थियो।

श्रीपेच झिकिदिएपछि दलहरूलाई हुर्काउने अवस्थालाई हामीले लोकतन्त्र भन्न थाल्यौं। त्यहीँनेर भुल भएछ। राजनीति शास्त्रका अनुसार लोकतन्त्रमा लोकको कदर गर्नुपर्ने हुन्छ। हामीले लोकतन्त्र, लोकतन्त्र भट्याउन थालेकाले उनीहरूले लौ त भनेर लोककै मान ल्याइदिए। लोकले मान्ने व्यक्ति ल्याउनुपर्ने प्रावधान थियो, लोकले अब यिनैलाई मान भन्ने बलात् उर्दी जारी गरिदिए। लोकमानतन्त्र भनेर हामीले हाम्रो राजनीतिक व्यवस्थालाई खिसी गर्न थालेका छौं। त्यसो गर्न जरूरी छैन। म आफ्ना पूर्ववत् शब्दहरू संशोधन गर्न चाहन्छु। यो त दलतन्त्र पनि होइन।

निर्दलको सट्टा बहुदल आयो। पहिलो जनआन्दोलनपछि थोरै दल आए। निर्वाचन प्रणाली फराकिलो हुँदा दोस्रो जनआन्दोलनपछि धेरै दल भए। औपचारिक ढाँचामा साइन बोर्डहरू बदलियो। रूप फेरियो. रूपमा छरपष्ट दलहरू देखिए, भित्र सारमा एउटा शक्तिपीठ नै रहिरह्यो। खासमा नयाँ नेपालमा हुर्किरहेको प्रणाली पीठतन्त्र हो। बिपी कोइरालाको 'दोषी चश्मा' मलाई सबभन्दा शक्तिशाली कथा लाग्छ। राणाकालमा शक्तिको मुख्य पीठ सिंहदरबार थियो। प्रजाहरूले चाकरीमा हाजिर हुने उर्दी पालना गर्नुपर्थ्यो। जदौ गर्न बाटोछेऊ उभिएको स्वामीभक्तको इहलीला बग्गीमा सवार स्वामी रिसानी होइबक्सेको बुझेर सिद्धिएको कथा थियो त्यो।

आँखाहरू फेरिए, चश्मा उही रहिरह्यो। चश्मा फेर्ने आन्दोलन चल्यो। जनताले बलिदान दिए, सिंहदरबारबाट शक्ति नारायणहिटी तिर सर्यो। सहिदहरूको संख्या थपियो, जदौ गर्ने बाटो बदलियो। चश्मा फेरि बदल्नुपर्ने भयो। जनताले फेरि बलिदान दिए, सहिदहरूको संख्या झन् थपियो, नारायणहिटीबाट शक्ति सिंहदरबार फर्किँदै थियो, बाटैमा टङ्गाल आइपुग्यो। जनतातिर सर्न लागेको शक्तिको रथको पाङ्ग्रा अड्किएको ठाउँमा एउटा पीठ स्थापना गर्नुपर्ने भयो। सिंहदरबारबाट शासन गर्न खोज्नेहरूले नै ठाने, हामीलाई एउटा शक्तिपीठ चाहिन्छ। एउटा देउता स्थापना गर्नु छ। त्यहाँ भाकल गरेपछि प्रसाद पाइन्छ। हामीलाई काम गर्न एउटा डर चाहिन्छ। त्यस्तो शक्तिपीठ त जनप्रतिनिधिको थलोलाई बनाउने जनआन्दोलन थियो। तर, जनशक्तिको पीठ हाम्रो राज्य परम्परा थिएन। त्यो हाम्रो संस्कारसम्मत थिएन। जनताको तर्फबाट सार्वभौमसत्ता अभ्यास गर्ने थलो नै मुख्य शक्तिपीठ होला भन्नेहरू दिवास्वप्नी सावित भए। राजनीतिक शब्दावलीमा जनप्रतिनिधिको संस्था त बनाइदिए, त्यसलाई शक्ति दिएनन्। आफ्ना हुकुमहरू तामेल गराउने थलो बनाइदिए। 'रबर स्ट्याम्प' भन्ने शब्द अलि हलुकै हो। मलाई प्रयोग गरिहाल्न झिँजो लाग्छ। तर, आज अर्को शब्द भेटिरहेको छैन।

जनशक्तिको पीठ नै 'रबर स्ट्याम्प' भएपछि त्यसबाट पनि छानिएको सिंहदरबार सिंहकै आकारको 'रबर स्ट्याम्प' पीठ हुने नै भयो। दलहरूले शासन गर्ने भए। शासन गर्न छानिएर आए। तर, तिनले डरको स्रोत शक्तिपीठमा मुल्तबी राखिदिए। अँध्यारो किल्लामा शक्तिपीठ राखिदिने हाम्रो संस्कारसम्मत राजपाठ कायम भयो। सुशासनको सुनिश्चियका लागि डररूपी पीठको सनातन परम्परा जारी राखिदिएपछि झण्डा हल्लाउनेहरूलाई हाइसञ्चो भयो। शासन आफूले गर्ने तर सुशासनको जिम्मेवारी आफूले लिनु नपर्ने।

मेरा एक जना पत्रकार साथी कहिल्यै पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग लेख्दैनन्। जहिले पनि अख्तियार दुरुपयोग आयोग भनेर लेख्छन्। उनले जानीजानी त्यसो गर्ने हुन्। भन्छन्, 'म झुठो लेख्न जान्दिनँ। मेरो पेशाको धर्म तथ्य लेख्ने हो।' पञ्चायतकालमा त्यसको नाम अख्तियार दुरुपयोग निवारण आयोग थियो। प्रजातन्त्र आएपछि व्यवस्था बदल्ने भनेको नाम बदल्नेमा चित्त बुझाए। 'निवारण'लाई 'अनुसन्धान' बनाइदिए। पञ्चायतमा डरका संयन्त्र चर्का थिए। किनभने जनतालाई डरबाट शासित गर्नुपर्ने थियो। कहिले जाँचबुझ केन्द्र भनेको छ, कहिले निवारण आयोग भनेको छ। पारदर्शीता र स्वतन्त्रता नहुँदा राज्यव्यवस्था टिकाउन डरका संयन्त्रहरू चाहिँदा रहेछन्।

जतिखेर नेपालमा विदेशी सहयोग आउन थाल्यो, विभिन्न परियोजनाका कमिसन कताकता छरिने भए। राजदरबारतिर नआइपुग्ने भएपछि त्यस्तो डरको संयन्त्र खडा गर्नुपर्ने भयो। मूल रुपमा सुशासन भन्ने तर समानान्तर अर्थ संकलनको च्यानल मिलाउने त्यस्तो हतियार जरुरी थियो। लोकतन्त्रमा भने त्यस्तो डरको संयन्त्र नहुनुपर्ने हो। डर भौतिकशास्त्रको शब्द होइन। राजनीतिशास्त्रमा शासकहरू जनतासँग डर मान्छन्। हाम्रो राज्यप्रणालीमा भने जनताप्रति जवाफदेही हुन नपर्ने संस्थालाई नै यतिसारो अधिकार प्रत्याभूत गरियो, जसबाट डरले मात्र डेरा जमाउन सक्थ्यो। टंगालको बाटो पर्नेहरूलाई थाहा छ, त्यहाँ एउटा अभेदी किल्ला छ। सरकारका सबै संयन्त्रलाई त्यसले निगरानीमा राखेको छ। देशभरिका मुकाममा खटपटन, सरुवा-बढुवा, कारबाही, रोक्का त्यहीँबाट चल्छ। त्यही नयाँ नेपालको जदौ गर्ने बाटो बनेको छ।

देशभरि निर्देशन दिन्छन्, पालना नगर्नेलाई पूर्जी थमाइहाल्छन्। पक्राउ गर्छन् र हिरासतमा राखिदिन्छन्। हिरासत त्यहीँ छ। अर्धन्यायिक प्रणाली होइन, उसको आफैँमा पूर्ण प्रणाली छ। नियुक्तिको बेलादेखिका विरोधीहरूलाई प्रतिशोध लिन पीठाधीशले राज्यसंयन्त्रलाई पकडमा राखेकोबारे कैयौं प्रकरण उदाङ्ग भइसकेका छन्। बाहिर आएका विवरणमात्र हेर्ने हो भने पनि पञ्चायतकालका किम्बदन्ती फिका लाग्छन्। पूर्जीको डरले प्रशासनयन्त्र थुरथुर छ। जनप्रतिनिधि आफैँ भयभीत छन्। तिनलाई जनचाहना, निर्वाचन घोषणापत्र, कानुनी विधिप्रति होइन, त्यही एउटा अपारदर्शी टंगाल बंगलाप्रति जवाफदेही हुनुपर्ने विवशता छ। सरकारी बजेट खर्च हुँदैन, कर्मचारीहरू निर्णय गर्न डराउँछन्, आयोजनाहरू सुस्त छन्। तर, घुसखोरी कतै घटेको छैन। भ्रष्टाचारको पारो झन् बढेको छ र समानान्तर अर्थतन्त्रको स्रोत एकैतिर सोझिएको छ।

जो आज शक्तिपीठको निकट छ, उसकै दलाली मौलाएको छ। हैकम बढेको छ। जी हजुरी हुर्केको छ। भ्रष्टाचारका कथा चाखलाग्दा हुँदैनन, कर्कश हुन्छन्। तिनका घटनामात्र सम्झिने हो भने पनि हाम्रो लोकतन्त्र घिस्रिरहेको परिवेशभित्र सनसनीपूर्ण कथा छन्।

चिकित्सा शिक्षाको प्रवेश परीक्षासमेत आफैं लिन त्यहाँका पदाधिकारी स्वयम् विश्वविद्यालय पुगेको र कलेजका सिट संख्या आफैं तोकिदिएको घटना नयाँ नेपालमै भएको हो भन्ने भोलिपर्सीको पुस्ताले पत्याउन सक्ला त? त्यो शक्तिपीठको नालीबेली राख्ने कान्तिपुरकर्मी हरिबहादुर थापाका अनुसार उसले अहिलेसम्म न्यायालय र सेनाबाहेक सम्पूर्ण संयन्त्रलाई आफ्नो अदबमा राखिसकेको छ। तर, त्यसमा पनि उसले चित्त बुझाउनुपर्ने छैन। पोहोर साल संविधान बनाउनेहरूले त्यो शक्तिपीठलाई शक्तिहीन बनाइदिने प्रचार गरेका थिए। उल्टै शक्ति थपिदिएछन्। दाह्रा झिकिदियौं भनेका थिए, बंगारा थपिदिएछन्।

अब त त्यसले सर्वोच्च अदालतका न्यायाधीशलाई समेत अवकाश पाएपछि अनुसन्धान गर्नसक्ने भएको छ। सेनामा समेत उसले पहुँच पाउँदैछ। बहालवालाई छुन सक्दैन भन्ने संविधान निर्माताहरूले के बिर्सेका छन् भने अवकाश पाएपछिको डरमा खेल्ने ठाउँ अहिल्यै बनिसकेको छ। त्यो शक्तिपीठ नेपालको सर्वाधिक सत्तासम्पन्न छ भन्नेमा सबै मुखाग्र छन्। तर, प्रकट गर्न सक्दैनन्। संविधानले कसैका मुखमा ताल्चा लाग्ने छैन भनेर नलेखे पनि मान्यता त्यही राखेको छ। तर, सबभन्दा ठूला ताल्चा संविधान बनाउनेहरूकै मुखमा झुण्डिन पुगेको छ।

योगीसरहका डा. गोविन्द केसीले कैयौंपल्ट आमरण अनसन बसेर चिकित्सा शिक्षाका विकृति औंल्याउँदै अनुसन्धान माग गर्दा राज्यको आँखा खोलिदिएकामा स्याबासी पाउनुपर्ने थियो । उनले त उल्टै, यहाँ उल्लेख गर्न पनि नमिल्ने गाल पाए। उनका माग बुझी सरकारलाई सुझाव दिने पूर्वउपकुलपति केदारभक्त माथेमा नेतृत्वको प्रबुद्ध प्रतिवेदन कार्यान्वयन त के छलफल गर्नसमेत राज्यका निकायहरू हच्किए। संसदमा चरोमुसो खोज्न मुश्किल पर्यो। त्यो थलो आफैँ थुरथुर थियो। तीन जना युवाजोशका सांसद बोल्न थालेका थिए, तीमध्येका प्रखर गगन थापालाई टिपेर मन्त्री बनाइदिए। फेरि सांसदहरूका मुखमा ताल्चा लाग्यो। सबभन्दा स्वतन्त्र राखिएको सर्वोच्च अदालतलाई म्याद तामेली गराउनसमेत त्यसले अवरोध पुग्यो। शक्तिपीठका सेनामेनाले अदालतका तामेलदारको हुर्मत लिन बाँकी राखेनन्।

यो त अति भयो भन्दै एक जना न्यायवेत्ता सांसद राधेश्याम अधिकारी कड्किए। उनले विधिको शासनका पक्षमा राखेको मन्तव्य सिङ्गो जंगलमा डढेलोबाट जोगिएको एउटै रूखजस्तो हुनपुग्यो। त्यही साँझ मैले एउटा जमघटमा एक जना राजदूतलाई भनिदिएको थिएँ, 'आजको दिनमा हाम्रो स्थिति के हो भने विधिको शासन चाहिन्छ भन्ने एक जना सांसदको अभिव्यक्ति सबभन्दा साहसिलो ठानिएको छ।'

अरूहरू पनि विस्तारै सल्बलाउन थाले। जनताका तर्फबाट सार्वभौमसत्ता अभ्यास गर्ने सांसदहरूले हस्ताक्षर नजुट्ला भनेर झुक्याई झुक्याई संकलन गर्न र पुराना हस्ताक्षर पनि खोजखाज गरेर राति हत्तपत्त दर्ता गर्नुपर्यो। जनप्रतिनिधिहरूले लुकिलुकि बेग्लै बेहोरामा हस्ताक्षर गर्नुपरेको र त्यस्तो हस्ताक्षर पनि छापामार शैलीमा जुटाउनुपरेको व्यवस्थालाई हामीले संसदीय सर्वोच्चता भन्दै आएका रहेछौं।

हत्तेरी, सबभन्दा धेरै जनमत पाएको दल सबभन्दा बढी लाचार बनेको छ। 'दोषी चश्मा'का लेखकले नै जन्माएर हुर्काएको दल हो त्यो भन्ने सम्झाउन पनि लाजमर्दो भएको छ। उनकै सपना साकार गर्न उनकै ठूल्ठूला तस्बिर लिएर जनतासामु जाने गरेको दल आफैं दोषी चश्मा लाएर आफैं दोषको भागिदार बन्न पुगेको छ। उसलाई लागेको छ, त्यो शक्तिपीठले अहिलेसम्म आफूतिर पिठ्यूँ फर्काएको छैन। जोतिर फर्काएको हो, तिनै रिसाएर महाभियोग लगाउन तम्सेका हुन्। हुन पनि हिजो डा. केसीले त्यत्रोविधि अनसन गर्दा उल्टै बदख्वाइँ गर्नेहरू आज रातारात आफूतिर कारबाही सोझिएको डरले उतर्सिएका छन्। ती कांग्रेसजन भन्छन्, 'हिजो कांग्रेसका एक से एक नेता जेल जान हुने, आज कमरेडहरूले पुर्जी थाम्न पनि नहुने?'

डरमय पीठतन्त्रमा राजनीति गर्नेहरू राज्य संरचना र सिद्धान्तलाई लोकतान्त्रिक बनाउने ध्येय नराख्दा आफ्नो लाभहानी जोडघटाऊमा व्यस्त हुन्छन्। उनीहरू राज्यसामु उपस्थित चुनौती होइन, आफ्नो नाकअघिल्तिरको स्वार्थमात्र देख्छन्। उनीहरूले के बिर्सेका छन् भने आज देशको सत्ता जवाफदेहीविहीनताले ग्रस्त छ र त्यसको एउटा जड समानान्तर सत्ताको संरचना यथावत् रहनु हो। सर्वोच्च अदालतलाई छल्न एकाएक लामो विदेश यात्रामा हान्निएका शक्तिपीठाधीश काखीमुनि खुँडा लुकाएर फर्किँदै थिए। कमरेड सांसदहरूले छापामार शैलीमा एम्बुसमा पारिदिए। तीन वर्ष लामो अनियन्त्रित, अपादर्शी र जवाफदेहीविहीन अधिकारहरूले सुसज्जित यात्रापछि बल्ल यी खुँडाधारी आफ्नै पीठभित्र निरुपाय बन्न पुगे।

संसदले बल्ल आफ्नो भूमिका निर्वाह गर्न थालेको छ। महाभियोगको प्रस्तावमा छलफल थाल्दैछ। हामीले ल्याएको राज्यव्यवस्था पीठतन्त्र होइन भन्ने देखाउन बल्ल उनीहरू जुर्मुराउन थालेका छन्। जनतामा राज्यव्यवस्था प्रति भरोसा पैदा गर्ने हो भने शक्तिपीठको डरबाट मुक्त हुने साहस नगरी धर छैन। डा. केसीले त आजको राज्यव्यवस्थाको 'दोषी चश्मा' देखाइसकेका छन्। संसदलाई आँखा खोल्न दिइएन भने चश्मा फेर्ने आन्दोलन जारी रहने नै छ। उनको पक्षमा रहेका युवाले राजधानीमा स्वःफूर्त स्वदेशी आकाशवाणी गुञ्जाइरहेका छन्।

तात्कालिक प्रश्न पीठाधीशको व्यक्तिगत निष्कासनमा अल्झेको छ। अहिलेका लागि उनीविरूद्धका अभियोगहरूको सविस्तार छलफल सहज गर्नु जनप्रतिनिधिको जिम्मेवारी हो। लोकको मान राख्ने भनेको संसदको मान राख्ने हो। त्यसबाट मात्र व्यवस्थाप्रति सम्मान हुन्छ। व्यवस्थाप्रति सम्मान राख्न सांसदले आफ्नो मान आफैँ राख्नुपर्ने चुनौती छ। अहिलेका पीठाधीशलाई निकालेर अर्को पीठाधीश नियुक्त गर्नेमा दलहरूको स्वाभाविक चासो जानेछ। उनीहरू आफूअनुकूलको नियुक्तिका लागि शक्तिसंघर्ष गर्नेछन्। मिल्ने छैनन् किनभने सहमतिको पात्र सजिलै भेटिने छैन।

सहमतिको सूत्रका लागि फेरि पनि 'आकाशवाणी'तिर कान थाप्न विवश भइदिन के बेर? पीठ परम्पराको संस्कारग्रस्त राजनीतिक पुस्ताले फेरि पनि झ्यापझुप शैलीमा बलात् निर्णय गर्न सक्नेछ। हिजो न्यायपालिका खाली पार्न प्रधानन्यायाधीशलाई सिंहदरबारमा सजाइदिँदा अख्तियार भरिभराउ पार्ने नियत राखिएको थियो। पीठतन्त्रको मोहपासमा फसेका दलहरूले संविधान बनाउँदा संरचना हेरफेर गर्न खोजेनन्। उनीहरूले फेरि पनि व्यवस्थाको नाम फेर्नेमा जोड दिए। देशको अवस्था फेर्नेमा चेत खुलाएनन्।

शक्ति संरचनाको सन्तुलन सही नभएसम्म जनताको मत सही तरिकाले प्रतिबिम्बित गर्ने सामर्थ्य कसरी बन्छ होला र? पीठाधीशमाथि महाभियोगसँगै शक्तिपीठकै सान्दर्भिकता र औचित्यबारे अब छलफल जरुरी छ। कुनै पनि संसदीय मुलुकमा यस्तो एकाधिकार सम्पन्न समानान्तर सत्ताको संरचना छैन। प्रधानमन्त्री सर्वोच्च कार्यकारी हो भने सुशासनको जिम्मेवारी पनि उसैले वहन गर्नुपर्छ। ऊ शासन गर्न जाने होइन, सुशासनका लागि हो। सुशासन नै शासन हो। शासन त लोकतन्त्रमा कसैले गर्नैपर्दैन। राज्यले सुशासन सुनिश्चित गर्नेमात्र हो। प्रश्न उठ्छ, प्रधानमन्त्रीमातहत नै अख्तियार दुरुपयोग कसरी रोकिन्छ त? सिंहदरबारले अख्तियार दुरुपयोग गरेरनगरेको परीक्षण गर्ने थलो संसद हो। सिंहदरबारमातहत देशभरिका निकायमा अख्तियार दुरुपयोग भएको छ, छैन अनुसन्धान गर्न एउटा शक्तिशाली निकाय त चाहिन्छ। तर, त्यो प्रधानमन्त्री मातहत नै हुनुपर्छ। अख्तियार दुरुपयोग नियन्त्रणको जिम्मेवारी वहन गर्नकै लागि प्रधानमन्त्री बन्ने हो। आफू मातहत निकायहरूमा भएका बदमासी रोक्ने उसकै दायित्व हो। त्यसका लागि उसले अनुसन्धाताहरूको संयन्त्र बनाउनुपर्छ। भोलि प्रधानमन्त्रीले आफ्ना प्रतिस्पर्धी वा विपक्षीहरूलाई नियन्त्रण गर्न चाह्यो भने आफ्नो अधिकार दुरुपयोग गर्न सक्छ। तर, उसले त्यसो गरेको परीक्षण गर्ने थलो संसद हुने भएकाले ऊ हरेकक्षण जवाफदेही हुनैपर्छ।

राज्य प्रणालीलाई बढी पारदर्शी बनायो भने पो लोकतन्त्रमा लोकको पहुँच हुन्छ। जवाफदेहीताको संरचना बनायो भने पो लोकप्रति उसको जिम्मेवारी देखिन्छ। अहिलेको शक्तिपीठको संरचनामा त ऊ कोहीप्रति पनि जवाफदेही हुनुपर्दैन। त्यो त सिंहदरबारभन्दा स्वतः शक्तिशाली छ। यस्तो संरचनाले प्रशासनयन्त्रलाई अपारदर्शी ढंगले भित्रभित्रै नियन्त्रण गरेर हल न चल बनाइदिएको पनि तपाइँ देख्न सक्नुहुन्न? चश्माको पावर बढाउनुहोस्। उसको शक्ति सिंहदरबारतिर सार्ने भनेको जवाफदेहीता बढाउने भनेको हो। जवाफदेहीता बढाउन राज्यको हरेक निकायलाई आफैँ जवाफदेही बन्न लगाउनुपर्छ। हरेक मन्त्रालय जवाफदेही हुनुपर्छ। हरेक विभाग, कार्यालयमा अख्तियार उपयोग भएरनभएको छानविन गर्ने संयन्त्र हुनुपर्छ, गुनासो सुनुवाइ गर्ने ठाउँ हुनुपर्छ।

कार्यालयका प्रमुखकै विरूद्ध गुनासो छ भने विभागले हेर्ने, विभागीय प्रमुखकै विरूद्ध गुनासो छ भने मन्त्रालयले हेर्ने, मन्त्रीरसचिवकै विरूद्ध गुनासो छ भने प्रधानमन्त्री कार्यालयले हेर्ने ठाउँ हुनुपर्छ। हिजो राजदरबारको एउटा टेलिफोन कलबाट मुलुकभरि जहाँ जतिखेर पनि काम फत्ते हुन्थ्यो। आज सिंहदरबारमा त्यो शक्ति छैन। अख्तियारबाट त्यसैगरी एउटै टेलिफोनले पनि तुरुन्तै काम दिलाउँछ। किनभने शक्ति त्यहीँ छ। प्रधानमन्त्री कार्यालयलाई जवाफदेही बनाउन सकिन्छ, किनभने ऊ संसदप्रति जवाफदेही छ। सांसदहरूलाई लोकलाजको डर हुन्छ किनभने आसन्न निर्वाचन सामना गर्नुपर्ने हुन्छ। संसदलाई बौरिन समय लाग्यो। सिंहदरबारको कुरा छाडौं, सर्वोच्च अदालतकै न्याय सम्पादनमा अवरोध गर्नसक्ने अनिर्वाचित निकायसामु नतमस्तक हुनुपर्ने व्यवस्थालाई हामी लोकतन्त्र भनिरहेका छौं। त्यही पीठलाई सुशासन प्रत्याभूत गर्ने जिम्मेवारी जारी राख्नु भनेको राज्यका निकायहरूलाई अलोकतान्त्रिक सत्ताप्रति जवाफदेही बनिरहन दिनु हो। वैधानिक निर्वाचित संस्थाहरूले आफ्नो जिम्मेवारी अकातिर पन्छाउनु हो। संसदले आजको देशको त्यो दोषी चश्मा नै फाल्नु परेको छ। बिपीको सपना साकार गर्छु भन्नेहरूले त सबभन्दा पहिला आफ्नै चश्मा फेर्नुपरेको छ।

नयाँ लोकतान्त्रिक नेपाल बनाउँछु भन्नेले पुरानो राज्यव्यवस्थाको गैरजवाफदेही ढाँचा फाल्ने जोड गर्नैपर्छ।

स्रोत : सेतोपाटी

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल ईस्पायरका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

आवश्यकता

पृथ्वीचोक स्थित एक ट्राभल्स एजेन्सीका लागि महिला कर्मचारी आवश्यक परेको हुँदा ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८१६१३६१३७

जग्गा बिक्रीमा

पोखराको विरौटा नजिक होटल साग्रिलाको पछाडि १८ हाल मोहडा र ४० हात पिछाड भएको जग्गा बिक्रीमा छ ।

सम्पर्क : ९८४६११४०३६
९८५६०३४८०१

जग्गा बिक्रीमा

पोखरा-५, मालेपाटन, स्टेप वाई स्टेप बोर्डिङ स्कूल नजिक २८ हात मोहडा ३६ हात पिछाड भएको जग्गा बिक्रीमा छ।

सम्पर्क : ९८४६०७७६१९
९८४६७५६६६६

युवा उद्यमी मञ्च पोखराद्वारा सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ कार्तिक ।

नेपाली युवा उद्यमी मञ्च पोखराले कास्कीको ल्वाङघलेल-९ सिदिङस्थित सरस्वती आधारभूत विद्यालयलाई मन्टेश्वरी सामग्री वितरण गरेको छ। मन्टेश्वरीमा अध्ययन गर्ने २४ जना विद्यार्थीलाई लक्षित गरी पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले शैक्षिक सामग्री सहयोग गरिएको हो। करिब १ लाख रुपैयाँ भन्दा बढीको शैक्षिक सामग्री सहयोग गरिएको कार्यक्रम संयोजक तथा मञ्चका महासचिव (प्रोग्राम चेयर) सन्तोष घिमिरेले जानकारी दिए। उक्त अवसरमा ३२ इन्चको टिभी तथा बिस हजार नगद समेत विद्यालयलाई हस्तान्तरण गरिएको छ। योङ टाइगर समूहको सहयोगमा कार्यक्रम गरिएको मञ्चका अध्यक्ष सरोज श्रेष्ठले जानकारी दिए। 'सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा विद्यालयलाई सहयोग गरिएको हो,' उनले भने, 'मञ्चको सहयोगले विद्यार्थीको पठनपाठनमा प्रत्यक्ष सहयोग पुग्नेछ।' भूकम्पबाट क्षतिगस्त उक्त विद्यालयको भवनलाई पनि मञ्चले नै निर्माण गरेको थियो। कार्यक्रममा मञ्चका प्रथम उपाध्यक्ष ज्ञानेश्वरराज श्रेष्ठ, द्वितीय उपाध्यक्ष सुमन बिजुक्छे, कार्यसमिति सदस्य बिनल कर्माचार्य, प्रतिष पालिखे, सुजन जोशी, एफओएन मेम्बर बिप्लव पौडेल, सदस्य विशेष थापा, प्रोग्राम कोर्डिनेटर विष्णु तिमिल्सिना लगायतको उपस्थिति थियो। विद्यालयका प्रधानाध्यापक शान्ति तामाङको अध्यक्षतामा कार्यक्रम भएको हो। आगामी दिनमा विद्यालयलाई सहयोग गर्दै जाने अध्यक्ष श्रेष्ठले बताए। मञ्चको टोलीलाई विद्यालयको तर्फबाट भव्य स्वागत गरिएको थियो। मञ्चले गत महिना कृस्तिस्थित बक्रेक प्राविलाई सोलार सिस्टमसहितको १ थान अत्याधुनिक कम्प्युटर सहयोग गरेको थियो। गत वर्ष गएको भूकम्पबाट उक्त विद्यालय पनि क्षतिग्रस्त भएको थियो। भूकम्पले विद्यालय भवन भत्किएपछि मञ्चकै सक्रियतामा तत्काल अस्थायी टहरा निर्माण गरिएको थियो। मञ्चले गत वर्ष नै उक्त विद्यालयमा समेत २ कोठाको पक्की भवन बनाएर विद्यालयलाई हस्तान्तरण समेत गरिसकेको छ।

शाखा विस्तार

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ कार्तिक ।

फोर्स मोटर्स लिमिटेड इन्डियाको नेपालका लागि आधिकारिक बिक्रेता तथा आयातकर्ता आयाम इन्टरकन्टिनेन्टल प्रालिले आफ्नो स्थानीय बिक्रेता रेयन मोटर्स प्रालि मार्फत चितवनको भरतपुरमा आफ्नो शोरूम आइतबारबाट सञ्चालनमा ल्याएको छ। आयाम इन्टर कन्टिनेन्टलका अध्यक्ष ध्रुबबहादुर थापा तथा चितवन उद्योग वाणिज्य संघका अध्यक्ष राजन गौतमद्वारा संयुक्त रूपमा शोरूमको औपचारिक उद्घाटन गरिएको हो। चितवनको भरतपुरमा फोर्स मोटर्सका ब्राण्डहरु ट्र्याक्स क्रुइजर जिप, ट्र्याक कार्गो किङ (पिकअप), ट्रम्प ४०, बलवान ट्र्याक्टर लगायतका गाडीहरुको बिक्री सुरुवात गरिएको हो। सोही अबसरमा फोर्स मोटर्सका उत्पादन ट्र्याक्स गुर्खा जिप, गामा जिप, ट्र्याक्स एम्बुलेन्स लगायतका गाडीहरुको बारेमा जानकारी गराइएको थियो।

कार्यक्रममा रेयन मोटर्सका अध्यक्ष यज्ञ प्रसाद पौडेल, आयाम इन्टरकन्टिनेन्टलका प्रबन्ध निर्देशक राजन लम्साल, प्रबन्धक राजन शिल्पकार, चितवन अबस्थित व्यापारी, बैंकर्स, यातायात समितिका पदाधिकारी लगायतको उपस्थिति थियो। बिगत केही वर्षदेखि फोर्स मोटर्सले नेपामा आफ्नो आधिकारिक आयातकर्ता र बिक्रेता आयाम इन्टरकन्टिनेन्टल प्रालि मार्फत आफ्ना गाडीहरुको बिक्री वितरण गर्दै आइरहेको छ।

के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरूषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

Study in **Japan**
Czech Republic
USA, Australia, Norway

- ❖100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN**.
- ❖SLC passed can apply.
- ❖Almost all intake **czech Republic**.
- ❖Free Education in **Norway** & **Finland**.
- ❖Help to make all kind of documentation for any Countries.

April Intake

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp.Rupakot Complex)
Tel.:061-531538, 9846449344, 9803652132

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudhabi को **Spark Middle East Star Skill Force**, **UAE** को **DPS**, कतारको **Group-4**, बहराइन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको **Diplomatic** सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तर्वार्ताका तयारी कक्षाहरु सञ्चालन भईरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरी आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नु होला।

हाम्रो विशेषताहरु :
- १००% उत्तीर्ण गराउन सफल।
- विदेश जाने इच्छुक व्यक्तिलाई आफ्नै मेनपावरबाट प्रक्रिया गराइने।
- एकै वर्षमा ५०० भन्दा बढी सेक्युरिटी गार्ड पास गराउन सफल।
- छोटो समयमा नै [illegible] गुणस्तरीय तालिम।
- DPS र PSBD का Objective Questions answer को [illegible] र मौखिक Question Answer को अभ्यास गराइने।
- नेपाल भित्र विभिन्न संस्था, बैंक, कलकारखाना, होस्पिटल, कलेज, स्कूल आदि इत्यादिमा सेक्युरिटी गार्ड उपलब्ध गराइने।

तयारी कक्षा धमाधम

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडी, पोखरा बिजनेस काम्प्लेक्सको भवन - तल्लो तला)
[illegible]
फोन नं. : [illegible]

हार्दिक समवेदना

जन्म:
वि.स.:१९९३/०५/२६

स्वर्गारोहण:
वि.स.:२०७३/०६/२६

स्व. कुलदीप भण्डारी

गण्डकी अञ्चल कास्की जिल्ला कालिका गा.वि.स.वडा नं. ०३, निवासी, कास्की जिल्ला अदालतका सर्भेक्षक श्री वसन्त केशव भण्डारीका पुजनीय पिता **कुलदीप भण्डारी**को निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

जिल्ला न्यायाधीश
तथा
कास्की जिल्ला अदालत परिवार

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा
पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www .goldennews . com .np

पोखरामा पहिलो पटक

- यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात **हर्बल सप्लिमेन्ट** उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- **थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।**
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनकिल।

साथै टि.भी. तथा पत्रपत्रिकामा विज्ञापनमा देखाइने सम्पूर्ण सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ।

❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

फ्रि होम डेलिभरी

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- **तयारी कक्षा धमाधम चलिरहेको छ ।**
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।

महिला सम्बन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

फ्रि होम डेलिभरि

Government Of Nepal
Ministry of Irrigation
Department of water Induced Disaster Management
Water Induced Disaster Preventions Division
Office no. 12, Pokhara, Kaski

Invitation for Bids (Notice No. 01/073-074)

Date of First publication: 2073.07.08

1.The Government of Nepal (Gov) Has allocated funds towards the cost of Emergency disaster prevention works on different working area districts for storing and stacking of 10 gauge SWG Heavy coated GI wire and intends to apply part of the funds to cover eligible payments under the contracts given below. Bidding is open to all the eligible Nepalese Bidders/Suppliers.

2.The Water Induced Disaster Prevention Division office No.1 2 pokhara invites sealed bids from eligible bidders/ suppliers for the supply an delivery of 10 SWG heavy coated GI wire at office premise

3.Eligible Bidders/ Suppliers May obtain further information an inspect the bidding documents at the office of water induced Disaster prevention Division Office no.12, pokhara, Kaski

a. Telephone: 061-537707 facsimile: 061-528164
b. Email id :- div12.dwidp@gmail.com

4.Bidding Documents May be purchased from office of District Treasury Office, kaski or the above office of water Induced Disaster Prevention Division Office No. 12, pokhara, kaski by eligible Bidders /Suppliers on the submission of a written application, along with the copy of company / form registration certificate, Tax and VAT clearance certificate for F.Y.072/073 and upon payment of a non-refundable fee of RS. 1000.00 during office hours on or before 30th days. Alternatively, the bidder may chose to deposit cost of bidding document in the following revenue (Rajswa) account of the office at Nepal Rastra Bank, Pokhara , Kaski, office Code No:47-357-03

a. Rajaswa Account No. Ka-1-1-101
b. Rajaswa Shirshak No, 14227

5.Sealed Bids must be submitted to the above office of Water Induced Disaster Prevention Division office No.12, Pokhara , Kaski on or before 12:00 hour on 31 days of first notice publication. Documents received after this deadline shall not be accepted. The Bidding Documents can also be sent by post by post/courier services. However, the Employer will not be responsible for delay or non-delivery of the document so sent

6.Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 PM on 31 days of first publication of notice at the office of water Induced Disaster Prevention division Office No.12, Pokhara, Kaski. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to to Rs. 44,000.00 in the from of cash voucher deposited in Dharaui A/C No. 1801200-001-002-524 of District Treasure Office Kaski at Nepal Rastra bank , Pokhara , Kaski or Bid Bond in the form of Bank Guarantee issued by the bank recognized by GoN As a "A" class commercial bank, which shall be valid for 30 days more beyond the validity period of the bid.

7.A pre-meeting shall be help on 19th days at 12:00 noon at Meeting Hall of Water Induced Disaster prevention Division Office No. 12, Pokhara, kaski. The Goods (G.I. Wire) are expected to be supply & delivered within 1 month from the date of agreement

8.If the last of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

9.The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

The name and identification of the contract is as follows:

Contract no.	Description of Works	Cost of Bid Documents (NRs)	Estimated amount, (Excluding VAT)	Minimum Bid security amount
EDPW / WIDPD-12/01/073/074	Procurement of 10 gauge SWG heavy coated GI wire for Emergency Disaster Prevention Works	1000.00	NRs. 1416842.00	NRs. 44000.00

स्पेनमा राजदूतावास खोल्न माग

राजाराम पौडेल
पोखरा ७ कार्तिक ।

दश हजार भन्दा बढी नेपालीहरु बसोबास गर्दै आएको ठानिएको स्पेनमा नेपाली दूतावास स्थापनाका लागि परराष्ट्र मन्त्रालय सकारात्मक देखिएको छ । स्पेनका समस्यालाई सम्बोधन हुने गरी दूतावास स्थापनाका लागि मन्त्रालय बिगतमा जस्तै यसपटक पनि सकारात्मक देखिएको हो । परराष्ट्र मन्त्री डा।प्रकाश शरण महतले ज्ञापनपत्र बुझ्दै मन्त्रालय सकारात्मक रहेको बताएका छन् ।

गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद् सञ्चारकार्यदलका सदस्य तथा पत्रकार बसन्त रानाभाटले शुक्रबार मन्त्री महतको कार्यकक्षमा भेटेर ज्ञापनपत्र बुझाएका हुन् । राष्ट्रिय समन्वय परिषद स्पेनका अध्यक्ष मुक्त बहादुर गुरुङद्वारा हस्ताक्षरित ज्ञापनपत्र बुझाउँदै मन्त्री महतले स्पेनमा पुग्दा गरेका प्रतिबद्दता बारे पत्रकार रानाभाटले स्मरण गराएका थिए । दुई बर्ष अघि स्पेनको नेपाली समुदाय माँझ अन्तरक्रिया गर्दा, अनावश्यक ठाउँहरुमा खोलिएका दूतावासहरु बन्द गराएर स्पेन जस्ता मुलुकहरुमा दूतावास स्थापना गर्नुपर्ने डा. महतको भनाईलाई समेत उनले भेटबार्ताका क्रममा स्मरण गराएका थिए । स्पेनका समस्याहरु बारे मन्त्री महत धेरै जानकार रहेको हुँदा स्पेनको नेपली समुदायले यसपटक ठुलो आशा गरेको सन्देश पनि रानाभाटले पुर्याएका थिए ।

यस्तै परराष्ट्र सचिव शंकरदास बैरागीलाई पनि ज्ञापनपत्र हस्तान्तरण गरिएको छ । ज्ञापनपत्र बुझ्दै परराष्ट्र सचिव बैरागीले स्पेनका नेपालीहरुले लामो समय देखि देखाएको चासो प्रति मन्त्रालय सकारात्मक रहेको प्रतिक्रिया दिएका छन् । उनले यसपटक तयार भएको ज्ञापनपत्रमा सम्पूर्ण डाटाहरु समेत उल्लेख गरिएको हुँदा आँफूले राम्रो सँग अध्ययन गर्ने समेत बताएका छन् । यसैबीच शुक्रबार नै उपप्रधान तथा अर्थमन्त्री कृष्ण बहादुर महरालाई दूतावास माग सहितको ज्ञापन हस्तान्तरण गरिएको छ ।

यस्तै शनिबार नेपाली कांगेसका सभापति तथा पुर्ब प्रधानमन्त्री शेर बहादुर देउवालाई समेत ज्ञापनपत्र हस्तान्तरण गरिएको छ । देउवा निबासमा ज्ञापनपत्र हस्तान्तरणको क्रममा कांग्रेस सभापति देउवाले स्पेनमा रहेका नेपालीको अवस्था बारे चासो ब्यक्त गरेका थिए ।

पत्रकार रानाभाटले स्पेनमा दूतावास स्थापना लागि बिगत लामो समय देखि नै ज्ञापनपत्र बुझाउँदै आएको बताउँदै त्यसैको निरन्तरता भएको प्रतिक्रिया दिएका छन् । उनले भने-तुरुन्त काम भईहाल्ने संकेत त देखिएको छैन,तर दबाब दिन भने छोड्नु हुँदैन त्यसैको निरन्तरताको एक अंश मात्र हो । भेटबार्ताको क्रममा बिद्याथी नेता दिपेन्द्र सिहं लामिछाने पनि सहभागी थिए ।

यसैबीच स्पेनबासी नेपालीहरुले बिगत लामो समय देखि दुतावासको माग गर्दै नेपाल सरकार, परराष्ट्र मन्त्रालय, उच्च पदस्थ व्यक्तित्व, प्रमुख दलका नेताहरुको ढोका धाउँदै आए पनि कुनै ठोस प्रगती भने हुन सकेको छैन ।

स्पेनमा आउँदा होस् वा नेपालमा नै पुगेर उच्चपदस्थ व्यक्तित्वहरुसँग भेटबार्ता बाक्लो बनाए पनि प्रगती भने हातमा लाग्यो शुन्य नै छ । यसअघि राष्ट्रपति, प्रधानमन्त्री,परराष्ट्रमन्त्री,परराष्ट्रमन्त्री सचिव लगायत प्रमुख दलका नेताहरुलाई भेट गरि ज्ञापानपत्र बुझाएको भए पनि सम्बन्धित निकायबाट यो बारे छलफल समेत हुन सकेको छैन ।

स्पेनस्थित गैरआवासीय नेपाली संघ लगायत संघ सस्थाहरु बिगत लामो समयदेखि दूतावासको माग गर्दै दवाब भने सृजना गर्दै आएका छन् । सन् २०१४ मा बार्सिलोनामा सम्पन्न सातौ युरोपियन क्षेत्रीय बैठक तथा पाँचौ महिला सम्मेलनले पनि स्पेनमा नेपाली दुताबास आबश्यक रहेको भन्दै, घोषणा पत्रमा उल्लेख गर्दै नेपाल सरकारसँग जोडदार माग गरेको थियो ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www .goldennews . com .np

भाइटिका फेस्टिभल हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ कार्तिक ।

आउँदै गरेको दिपावली तथा भाइटिकाको अवसरमा पोखरामा भाइटिका फेस्टिभलको आयोजना गरिने भएको छ । विदेशी पर्यटकलाई नेपाली संस्कृतिप्रति आकर्षित गरी नेपाली पर्व र संस्कृतिको बारेमा जानकारी दिने उद्देश्यका साथ पश्चिमाञ्चल होटल संघको आयोजनामा दशौं भाइटिका फेस्टिभलको आयोजना गर्न लागिएको हो । आगामी तथा कार्तिक १६ गते मंगलबार अर्थात नोभेन्बर १ तारिक भाइटिकाको दिन पोखराको लेकसाइड स्थित बट्टरफ्लाई चाइल्ड केयर सेन्टरमा आयोजना हुने फेस्टिभलको विभिन्न देशका तीन-तीन दर्जन बढी विदेशी पर्यटकले सहभागिता जनाउने पश्चिमाञ्चल होटल संघका अध्यक्ष भरतराज पराजुलीले जानकारी दिए । सो समारोहमा युरोप, अमेरिका, चाइना, जापान, थाइल्याण्ड, सिंगापुर, अष्ट्रेलिया लगायतका राष्ट्रका पर्यटकहरुले अघिल्लो वर्षजस्तै सहभागिता जनाउने समेत पराजुलीले बताए । विगतका वर्षहरुमा पनि भाइटिकाको अवसरमा पश्चिमाञ्चल होटल संघले विदेशी पर्यटकहरुलाई दिपावलीमा विशेष गरी भाइटीकाको दिनमा सामुहिक टिका लगाउने, भाइटिकाको महत्वबारे जानकारी दिने, देउसी खेल्ने गरेको र यसकै फलस्वरुप आफूहरु दशौं संस्करणसम्म आइपुगेको उनको भनाइ रहेको थियो ।

अपराध...

हुने गरेको बताए । नजशक्तिको अभावले अनुसन्धानमा समस्या भएका बेला जिल्ला स्तरमा आयोजित प्रशिक्षणले सहयोग पुग्ने उनको विश्वास छ ।

पहिलो चरणमा देशका ३४ जिल्लामा सञ्चालित प्रशिक्षणमा एक हजार एक सय ९० प्रहरी हवल्दार र जवान सहभागी छन् । नेपाल प्रहरीले एक बर्ष अघि ल्याएको अपराध अनुसन्धान सम्बन्धी तीनबर्षे रणनीतिक ओजना अनुसार अपराध अनुसन्धानको जनशक्ति १० प्रतिशत पुर्याउने उल्लेख छ । तर रणनीतिक योजनाको एक बर्षे अबधिमा एक प्रतिशत मात्रै जनशक्ति बढेको छ । हाल नेपाल प्रहरीको अपराध अनुसन्धानमा कुल जनशक्तिको ६ प्रतिशत मात्रै छन् । प्रहरी तथ्याङ्क अनुसार ७२ हजार कुल जनशक्तिमध्ये हाल ४ हजार प्रहरी मात्रै अनुसन्धानमा संलग्न छन् ।



Model No.	MRP	Special Price	Cashback	Benefit
OLED 55B6T	Rs. 647,990/-	Rs. 536,290/-	Rs. 111,700/-	Rs. 145,190/-
UHD 65UF850T	Rs. 634,490/-	Rs. 535,190/-	Rs. 99,300/-	Rs. 132,790/-
UHD 65UH850T	Rs. 459,990/-	Rs. 387,890/-	Rs. 72,100/-	Rs. 105,590/-
UHD 60UH770T	Rs. 384,990/-	Rs. 324,990/-	Rs. 60,000/-	Rs. 93,490/-
UHD 55UF850T	Rs. 399,990/-	Rs. 345,890/-	Rs. 54,100/-	Rs. 87,590/-
UHD 55UH850T	Rs. 327,990/-	Rs. 276,490/-	Rs. 51,500/-	Rs. 84,990/-

Model No.	MRP	Special Price	Cashback	Benefit
UHD 49UF850T	Rs. 278,190/-	Rs. 239,990/-	Rs. 38,200/-	Rs. 54,790/-
UHD 49UH610T	Rs. 176,290/-	Rs. 145,490/-	Rs. 30,800/-	Rs. 47,390/-
UHD 43UF690T	Rs. 204,990/-	Rs. 174,990/-	Rs. 30,000/-	Rs. 46,590/-
UHD 43UH610T	Rs. 141,690/-	Rs. 116,290/-	Rs. 25,400/-	Rs. 41,990/-

Model No.	MRP	Special Price	Cashback	Benefit
60LF630T	Rs. 237,590/-	Rs. 204,990/-	Rs. 32,600/-	Rs. 44,990/-
55LF630T	Rs. 184,990/-	Rs. 159,490/-	Rs. 25,500/-	Rs. 37,890/-
49LF630T	Rs. 139,190/-	Rs. 120,390/-	Rs. 18,800/-	Rs. 31,190/-
49LF5900	Rs. 128,990/-	Rs. 111,390/-	Rs. 17,600/-	Rs. 29,990/-

Model No.	MRP	Special Price	Cashback	Benefit
43LF5900	Rs. 99,990/-	Rs. 82,190/-	Rs. 17,800/-	Rs. 22,890/-
40LF630T	Rs. 94,490/-	Rs. 81,490/-	Rs. 13,000/-	Rs. 18,090/-

Model No.	MRP	Special Price	Cashback	Benefit
32LH591D	Rs. 63,890/-	Rs. 53,990/-	Rs. 9,900/-	Rs. 11,430/-

Model No.	MRP	Special Price	Cashback	Benefit
55LH545T	Rs. 135,590/-	Rs. 111,390/-	Rs. 24,200/-	Rs. 31,890/-
49LF510A	Rs. 114,790/-	Rs. 94,990/-	Rs. 19,800/-	Rs. 26,990/-
43LF5400	Rs. 82,690/-	Rs. 70,490/-	Rs. 12,200/-	Rs. 19,390/-

Model No.	MRP	Special Price	Cashback	Benefit
32LF550B	Rs. 47,190/-	Rs. 38,390/-	Rs. 8,800/-	Rs. 10,000/-
32LH510A	Rs. 42,990/-	Rs. 35,990/-	Rs. 7,000/-	Rs. 8,200/-

Model No.	MRP	Special Price	Cashback	Benefit
24LF450A	Rs. 30,290/-	Rs. 24,990/-	Rs. 5,300/-	Rs. 6,300/-

Model No.	MRP	Special Price	Cashback
22LF450A	Rs. 26,090/-	Rs. 22,490/-	Rs. 3,600/-
20LB451A	Rs. 21,790/-	Rs. 18,990/-	Rs. 2,800/-

New Sound & Vision (LG Exclusive Showroom), Pokhara, 061-526280 | Holy Vision (LG Exclusive Showroom), Pokhara, 061-534851 | DK Electronics, (LG Exclusive Showroom), Waling, 063-440055 | LP Ghadi Radio Service, (LG Exclusive Showroom), Syangja, 063-420373 | Milan Sound & Vision, (LG Exclusive Showroom), Beni, 069-520637 | S.R. Electronics (LG Exclusive Showroom), Damauli, 065-560656

Star Vision, Pokhara, 061-530855 | Digital Sound & Vision, Pokhara, 061-539773 | Solar Electronics, Pokhara, 061-530415 | RGC Electronics, Pokhara, 061-538512 | BG Electronics, Pokhara, 061-432483 | BG Electronics, Dulegauda, 065-570618 | K.K. Electronics & Electric Center, Bholetar, 9806702311 |MP Watch & Radio Service, Baglung, 068-520579 | Gautam Electronics, Baglung,9857621615 | Baglung Radio TV Center, Kushma, 067-420264 | Suni Trading, Galyang, 9846207443 | Galkot Sound And Video Vision, Galkot, 9847676193

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोनः०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail .com, Website: www .goldennews .com .np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा